गरी जलवायू परिवर्तनबाट जोखिममा पर्न सक्ने कृषक समुदायहरूमा सतर्कता अपनाउन सहयोग गर्ने ।

ग. कृषि ब्यवस्थापन सूचना प्रणाली विकास गरी जलवायू प्रकोपबाट हुने जोखिमलाई न्यूनिकरण गर्न पूर्व चेतावनी प्रणाली अन्तर्गत सेवा प्रदान गरी मौसम एवं जलवायूजन्य प्रकोपबाट हुने उत्पादन जोखिम न्यूनिकरणगर्न कृषक समुदायहरूलाई सहयोग गर्ने ।

## कार्यक्षेत्र

यो कार्यक्रम परिक्षण (Piloting) को रूपमा देश भरिका जिल्लाहरूमध्ये हाल २५ जिल्लाहरूमा मात्र संचालन गरिनेछ ।

## आयोजनाको संभागहरू:

### १. कृषि ब्यवस्थापन सूचना प्रणालीका लागि भौतिक पूर्वाधारको विकास

कृषि ब्यवस्थापन सूचना प्रणालीका पूर्वाधारहरू जस्तैः जिल्लास्तरमा एग्रोइन्फो कल सेन्टर, डिजिटल डिस्प्ले बोर्ड, तथा कृषक समुदायहरूको जलवायू प्रकोप समुत्थान सम्वन्धी क्षमता अभिवृद्धिका लागि मोवाईल फोन, रेनगेज र थर्मोमिटर वितरण आदि । मन्त्रालय, केन्द्र, क्षेत्रीय तथा जिल्लास्तरमा सूचना तथा संचार प्रविधिका लागि हार्डवयेर तथा सफ्टवेयरको निर्माण तथा विकास ।

### २. कृषि जलवायु तथा प्रविधि जडित जानकारीमूलक सामाग्रीहरूको विकास

कृषक, कृषक समुदायहरूलाई आवश्यक पर्ने Agro advisory package, Agro climate and Agro weather bulletins, सूचनाहरूको विकास गरी पूर्व चेतावनी प्रणाली अन्तर्गत प्रवाह गर्ने आदि ।

### ३. कृषि जलवायू तथा प्रविधि जडित जानकारीमूलक सामाग्रीहरूको प्रचार प्रसार

उत्पादन उत्पादकत्व वृद्धिका लागि कृषि जलवायू तथा प्रविधि जडित जानकारीमुलक सामग्रीहरूको ७५ वटै जिल्लाहरूमा वेव पोर्टल मार्फत तथा परीक्षणका रूपमा २५ जिल्लाहरूमा एस.एम.एस, इन्टरएक्टिभ भ्वाइस रेस्पोन्स, मास मिडिया तथा छपाई सामाग्रीहरूको प्रयोग गरी सेवा प्रवाह गर्ने आदि ।

### ४. क्षमता अभिवृद्धि

नेपाल सरकार अन्तर्गतका निकायहरू केन्द्र, क्षेत्रीय तथा जिल्लास्तर र नार्क (NARC) तथा कृषक समुदाय, सरोकारवालाहरूको कृषि क्षेत्रमा जलवायू परिवर्तनको असरहरू न्युनिकरण गर्ने सम्वन्धमा तथ्यपरक निर्णय गर्न क्षमता अभिवृद्धि गर्ने आदि ।

## यस खण्डको कूल बजेटः

विश्व बैंकबाट ६ मिलियन अमेरिकी डलर अनुदान सहयोग ।

## कार्यान्वयन ब्यवस्थापन

आयोजना कार्यान्वयनका लागि कृषि विकास मन्त्रालय अन्तर्गत आयोजना ब्यवस्थापन इकाई संरचनाको माध्यमबाट कार्यक्रमहरू संचालित छ ।

## लैङ्गिक तथा सामाजिक समावेसिता

यस आयोजनाले भविष्यमा सकारात्मक सामाजिक प्रभाव ल्याउनेछ भन्ने आशा गरिएकोछ । आयोजना कार्यान्वयनको तहदेखि सम्पन्न हुँदाको अवस्थासम्म यसले सामान्यतया सबै कृषकहरूलाई सहयोग पुऱ्याउनेछ भने विशेषगरी महिला तथा जोखिममा परेका समुदायको समावेसितामा गहन ध्यान पुऱ्याउनेछ जसबाट दीगो विकासभई सन्तुलित आर्थिक विकास, खाद्य सुरक्षा, रोजगारी शिर्जना तथा गरिबी निवारणमा मद्दत पुग्नेछ ।

## अनुगमन तथा मूल्याङ्कन

सुशासन तथा शान्ति कार्य योजना (Governance and Peace Action Plan) जस्ता स्वीकृत ढाँचाहरूको प्रयोगगरी साथै कृषि विकास मन्त्रालय अन्तर्गतका केन्द्रीय तथा क्षेत्रीय निकायहरूबाट समेत नियमित रूपमा अनुगमन तथा मूल्याङ्कनका कार्यहरू गरिनेछ र कार्यान्वयनको तहमा हुनसक्ने कमीकमजोरीहरूलाई सच्याई सफलिभूत कार्यदिशातिर अघि बढ्नेछ ।


**थप जानकारीका लागि**

आयोजना ब्यवस्थापन इकाई
जलवायू प्रकोप समुत्थान निर्माण आयोजना
(कृषि ब्यवस्थापन सूचना प्रणाली)
कृषि विकास मन्त्रालय
सिंहदरवार, काठमाण्डौ
टेलिफोन नं.: ९७७-०१-४२११८३२,९७७-०१-४२११९३५
इमेल: ppcr.amis@gmail.com
वेब साइटः www.moad.gov.np


# जलवायू प्रकोप समुत्थान निर्माण आयोजना (कृषि ब्यवस्थापन सूचना प्रणाली)



नेपाल सरकार

**कृषि विकास मन्त्रालय**

## पृष्ठभूमि

नेपालमा कृषि क्षेत्रको योगदान कूल गार्हस्थ उत्पादनको एक तिहाइभन्दा बढी रहेको र दुई तिहाईभन्दा बढी जनसंख्या रोजगारी तथा जीविकोपार्जनको लागि कृषि क्षेत्रमा निर्भर रहेको तथ्याङ्कले नेपालको अर्थतन्त्र कृषिमा निर्भर रहेको स्पष्ट हुन्छ । तथापि नेपालको कृषि क्षेत्र विशेष रूपमा मनसुनी वर्षामा निर्भर रहेको र जलवायू परिवर्तनका कारण हुने अतिवर्षा, आँधीबेहरी, असिनापात, खडेरी, बाढी, तापलहर, शितलहर आदि जस्ता जलवायू जन्य प्रकोपबाट कृषि उत्पादनमा नकारात्मक असर परी खाद्य सुरक्षामा चुनौती सिर्जना भएको देखिन्छ ।

यसकारण माटो, पानी र मौसमको पूर्व जानकारीको समुचित प्रयोगले प्रतिकूल मौसमका असरहरू न्यूनीकरण गर्नका साथै उपयुक्त मौसमबाट फाइदा लिनुपर्ने आजको गहन आवश्यकता हो ।

साथै अन्तर्राष्ट्रिय स्तरका अनुसन्धनात्मक संस्थाहरूले उल्लेख गरे अनुसार जलवायू परिवर्तनको नकारात्मक असर परिरहेका र पर्न सक्ने देशहरूको सूचीमा नेपाल चौथो स्थानमा पर्छ । मनसुनी हावापानीको प्रभावमा हुने अतिवृष्टि तथा अनावृष्टि, अस्थिर भौगर्भिक बनोट, विकासका पूर्वाधारहरूको कमी, कृषिमा निर्भर अर्थ व्यवस्था आदि कारणले गर्दा जलवायू परिवर्तनको सन्दर्भमा नेपाल बढी प्रभावित हुन पुगेको छ ।

जलवायू परिवर्तनले हुन सक्ने दुष्प्रभावका कारण नेपालले विश्व समुदाय समेतको सहानुभूति प्राप्त गरेको छ । यस सन्दर्भमा नेपालले प्रस्तुत गरेको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भूमिका समेतका आधारमा ई. सं. २००९ मा जलवायू समुत्थान सम्बन्धी परिक्षण कार्यक्रम (Pilot Program on Climate Resilience) सञ्चालन गर्न छानिएका नौं देशहरू मध्ये नेपाल पनि एउटा हो । यो कार्यक्रम जलवायू लगानी कोष (Climate Investment Fund), विश्व बैंक तथा एसियाली विकास बैंक अन्तर्राष्ट्रिय वित्तीय संस्थाको बहुपक्षीय सहयोगमा संचालन भइरहेको छ ।




नेपाल सरकार विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको समन्वयमा संचालित यस कार्यक्रम अन्तर्गतका विभिन्न पाँच आयोजनाहरू मध्ये जलवायू प्रकोप समुत्थान निर्माण आयोजना (Building Resilience to Climate-Related Hazards Project) एक हो । यस आयोजनाको उद्देश्यहरू, जलवायू प्रभावित समुदायहरूलाई मौसम तथा बाढी सम्बन्धी सूचनाहरू अग्रसमयमा व्यवस्थित रूपले प्रवाह गरी प्रकोप न्युनीकरण गर्ने, मौसमी तथा बाढी सम्बन्धी पूर्व अनुमान र भविष्यवाणीलाई अझै प्रभावकारी बनाउँदै जलवायू जोखिम व्यवस्थापनलाई सुधार गर्ने,



सरकारी क्षमता अभिवृद्धि गर्ने, र कृषि ब्यवस्थापन सूचना प्रणाली (Agriculture Management Information System) को स्थापना गरी कृषि उत्पादन बढाउन र कृषि उत्पादनमा पर्न सक्ने दुष्प्रभावहरूको न्युनीकरण गर्नमा सहयोग पुऱ्याउने रहेको छ ।

विश्व बैंकको ३ करोड १३ लाख अमेरिकी डलर सहयोगमा २० जुन २०१३ मा शुरू भई ३० नोभेम्बर २०१८ सम्म रहने यो आयोजना कृषि विकास मन्त्रालय र जल तथा मौसम विज्ञान विभागको सहकार्यमा संचालित छ ।



## कार्यान्वयनको तहमा यस आयोजनालाई निम्न चार खण्डमा बाडिएको छ ।

क) जल तथा मौसम विज्ञान विभागको संस्थागत तथा कार्यान्वयन पक्षको सवलीकरण ।

ख) अवलोकन नेटवर्क तथा भविष्यवाणी प्रणालीको आधुनिकीकरण ।

ग) जल तथा मौसम विज्ञान विभागले प्रदान गर्ने सेवा प्रणालीको सुदृढिकरण ।

घ) कृषि ब्यवस्थापन सूचना प्रणालीको स्थापना ।



उपर्युक्त खण्डहरू मध्ये खण्ड क, ख, र ग, अन्तर्गतका उद्देश्यहरू प्राप्तिका लागि जल तथा मौसम विज्ञान विभागले विभिन्न कार्यहरू सञ्चालन गर्ने छ भने खण्ड घ का लागि कृषि विकास मन्त्रालयले जल तथा मौसम विज्ञान विभाग र नेपाल कृषि अनुसन्धान परिषद (नार्क) समेतको सह-कार्यमा कृषि ब्यवस्थापन सूचना प्रणालीको विकास गर्नेछ ।

## कृषि ब्यवस्थापन सूचना प्रणाली

यसको महत्वपूर्ण लक्ष्य नेपालको कृषि ब्यवस्थापन सूचना प्रणालीलाई स्थापित गरी जलवायू तथा वातावरण परिवर्तनबाट देखिएका प्रतिकूल असरहरूबाट कृषि क्षेत्रमा पर्न सक्ने जोखिमलाई सूचना तथा संचार प्रविधिको माध्यमबाट न्युनिकरण गर्ने र अनुकूलनात्मक वातावरणलाई सहजीकरण गर्न कृषिसंग सम्बन्धित जलवायू सूचनाहरू, पूर्व चेतना प्रणाली अन्तर्गत कृषक, कृषक समुदाय तथा सरोकारवालाहरूलाई सूचना प्रवाह गर्ने रहेको छ ।

## उद्देश्य:

क. जलवायू प्रकोपबाट कृषि क्षेत्रमा हुन सक्ने जोखिम/क्षतिहरूलाई न्यूनिकरण गर्न नेपाल सरकारको क्षमता अभिवृद्धि गर्ने ।

ख. समय सापेक्ष वास्तविक मौसम (Real time weather information), बाढी तथा सुख्खाको प्रक्षेपणलाई सुधार